नेपाल सरकार
गृह मन्त्रालय
**प्रहरी प्रधान कार्यालय**
**( मानवश्रोत विकास विभाग, भर्ना तथा छनौट शाखा )**
नक्साल, काठमाण्डौं ।
प्रथम पटक प्रकाशित मिति :- २०७३/०९/२० गते ।
विज्ञापन नं.०२-०७३/०७४

## नयाँ भर्ना सम्बन्धी सूचना !!!

नेपाल प्रहरीमा रिक्त रहेको **प्रहरी कार्यालय सहयोगी** पदमा खुल्ला प्रतियोगिताद्वारा समावेशी प्रावधान अनुसार पूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रु.१० को टिकट टाँसी (स्वयं उपस्थित भई) दरखास्त आव्हान गरिन्छ ।

**१. आवश्यक माग संख्या:-**

| खुल्ला | अमर/अशक्त प्रहरी परिवार | समावेशी समूह | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | आ./ज. | मधेसी | महिला | दलित | पि.क्षे. | |
| ४२ | २ | १० | १० | ७ | ५ | २ | ७८ |

**२. दरखास्त वितरण तथा दर्ता मिति** :- २०७३/०९/२६ गतेदेखि २०७३/१०/२७ गतेसम्म ।

**३. दरखास्त फारम पाइने र बुझाउने स्थानहरु :-**

- महानगरीय प्रहरी परिसरहरु काठमाण्डौं, भक्तपुर र ललितपुर ।
- पूर्व क्षेत्रीय प्रहरी तालिम केन्द्र, रानी विराटनगर ।
- मध्य क्षेत्रीय प्रहरी तालिम केन्द्र, दुधौली, सिन्धुली ।
- पश्चिम क्षेत्रीय प्रहरी तालिम केन्द्र, बुटवल ।
- मध्य पश्चिम क्षेत्रीय प्रहरी तालिम केन्द्र, नेपालगंज ।
- सुदूर पश्चिम क्षेत्रीय प्रहरी तालिम केन्द्र, दिपायल ।
- जिल्ला प्रहरी कार्यालयहरु सबै (७२) ।

**४. दरखास्त राजश्व (दस्तुर)** :- दरखास्त फारामसाथ राजश्व दस्तुर वापत रु.१०० (एक सय) बुझाउनु पर्नेछ । साथै एकभन्दा बढी समुहमा दरखास्त दिने उम्मेदवारहरुको हकमा प्रत्येक समुहको लागि २०% का दरले थप दस्तुर लाग्नेछ

**५. शैक्षिक योग्यता** :- साधारण लेखपढ गर्न जानेको ।

**६. आवश्यक न्यूनतम योग्यताहरु** :-
१. नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाँय नपाएको ।
२. राजनैतिक दलको सदस्य नरहेको ।
३. आतङ्ककारी सङ्गठनको सदस्य नरहेको ।
४. भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।
५. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
६. उचाई, छाती र तौल:
**(क) पुरुष**- उचाई घटीमा ५ फिट, छाती ३१-३३, तौल ५० के.जी.
**(ख) महिला**- उचाई घटीमा ४ फिट १० ईन्च, तौल कम्तीमा ४२ के.जी.
७. नेपाली नागरिक ।

**७. उमेर हद** :- दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पुरा भई २५ वर्ष ननाघेको ।

**८. दरखास्तसाथ समाविश गर्नुपर्ने कागजातहरु** :-

क) नेपाली नागरिकताको प्रतिलिपि १ प्रति ।
ख) हाल सालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो ५ प्रति ।
ग) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि १/१ प्रति ।

घ) **आदिवासी/जनजातिका** लागि नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी जनजाति भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि ।

ङ) **दलितका** लागि राष्ट्रिय दलित आयोगवाट दलित भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि ।

च) **मधेसीका** लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारीसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित भएको प्रमाण पत्रको प्रतिलिपि ।

छ) **पिछडिएको क्षेत्रका** लागि (अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला) जिल्लामा स्थायी बसोवास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाण पत्र प्राप्त गरेको तथा सम्बन्धित गाँउ विकास समिति वा नगरपालिकाबाट दरखास्त पेश गर्दाका वखतसम्म सोही स्थानमा स्थायी बसोवास भएको भन्ने सिफारिस गरिएको । स्थायी वसोवास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा नागरिकता जारी भएको जिल्ला प्रशासन कार्यालयबाट सो गर्नु पर्नाको कारण उल्लेख भएको पत्र लिएको ।

ज) **अमर/अशक्त प्रहरी परिवारको लागि** अमर/अशक्त भएको कुरा पुष्टि हुने कागजपत्र र नाताप्रमाणित कागजपत्र ।

झ) दरखास्त फारामसँग संलग्न गरी पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडिपट्टि सक्कल बमोजिम नक्कल ठिक छ भनि उम्मेदवार स्वयंले दस्तखत गर्नु पर्नेछ ।

**९. परीक्षा विधिः-** प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा, विस्तृत स्वास्थ्य परीक्षण परीक्षा, प्रयोगात्मक परीक्षा, लिखित परीक्षा र मौखिक (अन्तर्वार्ता) परीक्षा ।

**१०.** उल्लेखित बमोजिमको माग पद संख्यामा संलग्न बमोजिमको विशिष्टीकृत कार्य क्षेत्र र गर्नु पर्ने कामको प्रकृती समावेश गरिएको हुँदा संलग्न बमोजिमको ***विशिष्टीकृत कार्य क्षेत्र चयन फारम*** भरि उम्मेदवारहरुले आफ्नो इच्छा/चाहना तथा क्षमता अनुसारको कुनै १ (एक) मात्र कार्य क्षेत्र चयन गरी (√) चिन्ह लगाउनु पर्नेछ ।

**विशिष्टीकृत कार्य क्षेत्र र गर्नु पर्ने कामको प्रकृति :-**

| | |
|---|---|
| माली/बगैंचे | नर्सरी तथा बगैचा व्यवस्थापन सम्बन्धि काम गर्नु पर्ने । |
| भान्छे | प्रहरी मेशमा खाना पकाउने काम गर्नु पर्ने । |
| हजाम | प्रहरी कर्मचारीको कपाल काट्ने सम्बन्धि काम गर्नु पर्ने । |
| सिलाई/बुनाई | प्रहरी कर्मचारीको पोशाक सिलाई गर्नु पर्ने । |
| सयस | घोडाको स्याहार सुसार गर्नु पर्ने । |
| कुचिकार | कार्यालय, शौचालय, स्नान गृह लगायतका कार्यालय कम्पाउड समेतको सरसफाई गर्नु पर्ने । |
| मोची | छालाजन्य सामाग्रीहरुको सिलाई कटाई, बुनाई तथा रंग रोगन सम्वन्धित काम गर्नु पर्ने । |
| धोवी | कपडा धुने, आइरन लगाउने काम गर्नु पर्ने । |
| सहयोगी भूमिकाका अन्य कार्य | प्रहरी कार्यालय सहयोगी भूमिकामा रहेर सम्पूर्ण काम गर्नु पर्ने । |

**११. सम्पर्क मिति र स्थानः-** मिति २०७३/११/०५ गते सम्बन्धित दरखास्त दर्ता गर्ने प्रहरी कार्यालयहरु ।

**पुनश्चः**

१. हरेक चरणको परीक्षा समाप्ती पछि नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ ।

२. परीक्षा संचालन गर्दा खुल्ला तथा समावेशी तर्फको एउटै परीक्षा संचालन गरिनेछ र निजहरुले प्राप्त गरेको अंकको आधारमा समावेशी तर्फका उम्मेदवारहरु बिचमात्र छुट्टा-छुट्टै प्रतिस्पर्धा गराई छनौट गरिनेछ ।

३. यस विज्ञापन सम्बन्धी सूचना, विभिन्न चरणमा लिइने परीक्षाहरुको पाठ्यक्रम नेपाल प्रहरीको *website:www.nepalpolice.gov.np* मा समेत हेर्न सकिनेछ र दरखास्त फाराम डाउनलोड गरी आवश्यक कागजातहरु संलग्न राखी पेश गर्न सकिने छ ।

**प्रहरी प्रधान कार्यालय**
मानवश्रोत विकास विभाग
भर्ना तथा छनौट शाखा
नक्साल, काठमाण्डौं ।

मितिः- २०७३/०९/२० गते ।